अनुसूची-[illegible]

(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

# श्री राङभाङ सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी गाउँपालिका वडा नं.-५, प्यूठान

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

## दोश्रो पटक सूचना प्रकाशन मिति २०८३।०२।२०

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व.०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजनाअनुसार कटान मुछान गरि उत्पादन भएका सामुदायिक वनको क्रमवास स्थलमा घाटगद्दी गरी राखेको तपसिल बमोजिमका वन पैदावारहरु श्री डिभिजन वन कार्यालय प्यूठानको च.नं.१२०४, मिती २०८३।०१।२२ गतेको लिलाम सहमती प्राप्त भएकोले जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्यमी/काष्ठको कारोवार गर्ने सूचिकृत फर्महरुले यो सूचना मिति २०८३/०२/२० गते नयाँ युगवोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. लिलाम सम्बन्धि वन पैदावारको विवरण

| लट नं | जात | ग्रेड | गोलिया थान | ईकाई (घ.फि.) | परिमाण | जम्मा न्यूनतम मुल्य प्रति क्यू फिट रु |
|---|---|---|---|---|---|---|
| १/०८२ ०८३ | साल | A | [illegible] | क्यू.फिट | १००.४३ | १२५५३८ |
| | | B | ५० | | ३६१.७४ | ३२५५६६ |
| | | C | २७१ | | ८७८.०९ | ५२६८५४ |
| | | D | १३८ | | २०१.८७ | ६०५६१ |
| | | | ४६८ | | १५४२.१३ | १०३८५१९ |
| | वैदारो/बाँझी | | ६ | | २६.९९ | २६९९ |
| | खोटे सल्लो | A | ५ | | ५५.८३ | ७००८ |
| | | B | १२ | | ४८.०९ | ९६९३ |
| | | | १७ | | १०३.९२ | १७२२९ |
| | कुल जम्मा | | ४९१ | | १६७३.०४ | १०६२३८९ |
| | साल | | दाउरा | चट्टा | ६ | ७२००० |
| | मिश्रित साल बाहेक | | | | ५ | २०००० |
| कुल जम्मा रु. (काठ र दाउरा) | | | | | | ११५४३८९ |
| २/०८२ ०८३ | असना | A | २९ | क्यू.फिट | ३७५.४५ | १५०१८० |
| | | B | ५७ | | ४५३.१६ | १३५९४८ |
| | | C | २०८ | | ७९९.२८ | ७९९२८ |
| | कुल जम्मा | | २९४ | | १६२७.८९ | ३६६०५६ |
| लट नं.१ र २ को कुल जम्मा | | | ७८५ | | ३३००.९३ | १५२०४४५ |

ख) खरिद मिति २०८३/०३/०३ कार्यालय समयभित्र

ग) दाखिला मिति २०८३/०३/०४ गते दिनको १.०० बजे

घ) वोलपत्र खोल्ने २०८३/०३/०४ दिनको २.०० बजे

अनुसूची-१६

(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

# श्री राङभाङ सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी गाउँपालिका वडा नं.-५, प्यूठान

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

*नोटः*

*१. वोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट दाखिला र खोलिनेछ।*

२. वोलपत्रसाथ कवुल गरेको रकमको १०%(प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१८६२००००१ (RANGBHANG SHA. BA. U. SHA. ) मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर समावेश भएको हुनुपर्नेछ वा बैंक ग्यारेन्टी समावेश गर्न सकिनेछ। अन्यथा वोलपत्र मूल्याँकनमा समावेश गरिने छैन।

३. सकारकर्ताले सकार रकममा संकलन खर्च वोलपत्रमा उल्लेख भए वमोजिम थप वुझाउनु पर्नेछ।

४. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपि, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान/भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नायाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा

५. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, मोही अवस्थामा उठाई लैजानु पर्नेछ।

६. रित पूर्वक पर्न आएका, दाखिला भएका बोलपत्रहरू यस उपभोक्ता समूहको कार्यालयमा सब डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य सरकारी कार्यालयको रोहवरमा खोलिने छ। बोलपत्र खोलिने दिन सकार कर्ताहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन।

७. खोलिएका वोलपत्रहरु नियम अनुसार मूल्याँकन गरी लिलाम स्वीकृत भई डिभिजन वन कार्यालय प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कार तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ।

८. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई हुनेछ।

१०. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।